**बैठक नं.३**

आज मिति २०८०/०५/१८ गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको ३:०० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिकाको सभाहल ।

**उपस्थिति**

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | राधा |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | टेकराज पन्थी | सचिव | |

**प्रस्ताव नं. ३.१**

मिति २०८०।४। २५ मा बसेको अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।

निर्णय नं. ३.१

- "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ माथि (दोस्रो संशोधन २०८०) संशोधन गरिएको ।
- वार्षिक कार्यसंचालन तालिका स्वीकृत गरिएको ।
- वार्षिक जिन्सी निरीक्षण प्रतिवेदन प्रस्तुत भई जानकारीमा लिइएको ।
- संस्थागत विद्यालयहरुको शुल्क निर्धारण गरिएको ।
- संस्थागत विद्यालयहरुको वर्गीकरण गर्ने गरी निर्णय लिइएको ।
- प्राइभेट फर्म दर्ता एंव नवीकरण सम्बन्धी कार्यविधि,२०७७ माथि (पहिलो संशोधन २०८०) संशोधन गरिएको ।
- करारमा कार्यरत कर्मचारीहरुका लागि योगदानमा आधारित सामाजिक सुरक्षा कार्यविधि, २०८० स्वीकृत गरिएको ।
- आ.व. ०७९/०८० को आय व्ययको विवरण जानकारीमा लिइएको ।
- नागरिक वडापत्रको अन्तिम प्रारुप तयार गर्न कार्यदल गठन गरिएको ।
- नगर खेलकुद विकास समितिको संयोजकमा मनोनयन, उपप्रमुख उधमशीलता कार्यक्रमको निरन्तरता सम्बन्धी निर्णय अनुमोदन गरिएको ।
- न्यूदुर्गानगर टोल विकास संस्थाका बारेमा निर्णय लिइएको ।
- प्रमुखज्यूलाई भारत भ्रमणका लागि मनोनयन गरिएको ।
- सहकारी, बैंक र वित्तीय संस्थाहरुलाई सूचिकृत हुनका लागि सूचना गर्ने गरी निर्णय लिइएको ।
- सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन जानकारीमा लिइएको ।

**प्रस्ताव नं. ३.२**

वार्षिक खरिद योजना स्वीकृत सम्बन्धमा ।

निर्णय नं. ३.२

चालु आ.व. ०८०/०८१ का लागि नगरकार्यपालिकाको कार्यालयबाट तयार भई पेश हुन आएको वार्षिक खरिद योजना स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३.३

बुटवल उपमहानगरपालिका क्षेत्र अन्तर्गत भुमिहिन दलित, भुमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोवासीहरु रहेको क्षेत्रको नाप नक्शांकनको प्रकिया अगाडि बढाउनका लागि कार्यालयमा सोसंग सम्बन्धित प्राविधिक जनशक्ति पर्याप्त नभएको हुदा हाललाई बढीमा ०८१ जेठ मसान्त सम्मका लागि देहायको जनशक्ति रहने गरी करारको अस्थायी दरबन्दी स्वीकृत गरी आवश्यक प्रकिया अगाडि बढाउने र सो विषय अनुमोंदनका लागि आगामी नगरसभाको अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

- सर्भेक्षक -३ सहायकस्तर पाँचौ तह ।
- अमिन - ६ सहायकस्तर चौथो तह ।
- चेन म्यान - ६ कार्यालय सहयोगी ।

प्रस्ताव नं. ३.४

बुटवल उपमहानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ माथि (प्रथम संशोधन २०८०) संशोधन सम्बन्धमा ।

निर्णय नं. ३.४

संघीय सार्वजनिक खरिद नियमावलीमा संशोधन, भएकोले सोसंग नबाभिने र समय सापेक्षित हुने गरी बुटवल उपमहानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ मा संशोधन गर्न आवश्यक भएको हुदा उल्लेखित नियमावलीमा देहाय बमोजिम हुने गरी संशोधन गर्ने (प्रथम संशोधन २०८०) निर्णय गरियो ।

**बुटवल उपमहानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७**

| **नियमावलीको नियम,उपनियम** | **भएको व्यवस्था** | **संशोधन वा थप गर्नका लागि प्रस्ताव** | **कारण** |
|---|---|---|---|
| नियम ३७ को उपनियम (१) | .....दुई करोड रुपैयाँ भन्दा बढी र **एक** अरब रुपैयाँसम्मको लागत अनुमान.... | .....दुई करोड रुपैयाँ भन्दा बढी र **पाँच** अरब रुपैयाँसम्मको लागत अनुमान.... | संघीय कानून बमोजिम बनाईएको । |

| | | | |
|---|---|---|---|
| नियम ७४ को उपनियम ७ | ....वार्षिक कारोवार (टर्न ओभर) रकमको **बढीमा ७ (सात)** गुणाले हुन आउने रकम....... | ....वार्षिक कारोवार (टर्न ओभर) रकमको बढीमा **५ (पाँच)** गुणाले हुन आउने रकम....... | संघीय कानून बमोजिम बनाईएको । |
| नियम ७४ को उपनियम ८ | ....वार्षिक कारोवार रकमको **७ (सात)** गुणाले हुन आउने रकम....... | ....वार्षिक कारोवार रकमको **५ (पाँच)** गुणाले हुन आउने रकम....... | संघीय कानून बमोजिम बनाईएको । |
| नियम ७४ को उपनियम ९ | ......तरल सम्पत्ति ,**कर्जा सुविधा** र अन्य वित्तीय स्रोत .... | ......तरल सम्पत्ति र अन्य वित्तीय स्रोत..... | संघीय कानून बमोजिम बनाईएको । |
| नियम ७९ को उपनियम २ | सामान्यतया **दश** करोड रुपैयाँ भन्दा बढी रकमको परामर्श सेवा .... | सामान्यतया **पन्ध्र** करोड रुपैयाँ भन्दा बढी रकमको परामर्श सेवा .... | संघीय कानून बमोजिम बनाईएको । |
| नियम ७९ को उपनियम १३ | ....आशयपत्रदाताको छनौट गर्दा नियम ६३ बमोजिमको **अवधिभित्र** कार्यसम्पन्न .... | ....आशयपत्रदाताको छनौट गर्दा आशयपत्र खोलेको मितिले **पैंतीस दिनभित्र** कार्यसम्पन्न .... | संघीय कानून बमोजिम बनाईएको । |
| नियम ९५ को उपनियम १ | .....प्रमुख प्रशासकीय अधिकृतको निर्णयले **पाँच लाख** रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य,मालसामान वा परामर्श सेवा सोझै खरिद गर्न सकिनेछ । | .....प्रमुख प्रशासकीय अधिकृतको निर्णयले देहायको सीमा नबढ्ने गरी सोझै खरिद गर्न सकिनेछ ।<br>(क)**दश लाख** रुपैयाँसम्मको लागत अनुमान भएको निर्माण कार्य वा मालसामान ,<br>(ख) **पाँच लाख** रुपैयाँसम्मको लागत अनुमान भएको परामर्श सेवा वा अन्य सेवा ,<br>(ग) कम्पनीको आधिकारिक मर्मत वा सर्भिस् सेन्टरबाट गरिने सवारी साधन,मेसिनरी औजार,ईलेक्ट्रिक डिभाईसको **पाँच लाख** सम्मको मर्मत सम्भार, | संघीय कानून बमोजिम बनाईएको । |
| नियम ९५ को उपनियम २ | .... **बीस लाख** रुपैयाँसम्मको औषधिजन्य मालसामान वा नेपालमा उत्पादित **पन्ध्र लाख** रुपैयाँसम्मको | .... **पच्चीस लाख** रुपैयाँसम्मको औषधिजन्य मालसामान वा नेपालमा उत्पादित मालसामान..... | संघीय कानून बमोजिम बनाईएको । |

| | | | |
|---|---|---|---|
| | मालसामान...... | | |
| नियम ११९ | सम्झौता गर्न कार्य सम्पादन जमानत पेश गर्नुपर्ने र केडिट लाईनको सुविधाको विवरण :<br>उपनियम (६) ... | सम्झौता गर्न कार्य सम्पादन जमानत पेश गर्नु पर्ने :<br>(उपनियम (६) झिकिएको । | संघीय कानून बमोजिम बनाईएको । |
| नियम १२१ को उपनियम १ | ... व्यवस्था भएकोमा बाहेक **दश लाख** रुपैयाँभन्दा बढी मूल्यको .... | ... व्यवस्था भएकोमा बाहेक **बीस लाख** रुपैयाँभन्दा बढी मूल्यको .... | संघीय कानून बमोजिम बनाईएको । |
| नियम १३० को खण्ड (क),(ख) | (क).....क्षतिपूर्ति तिर्न नपर्ने, **र**<br>(ख)... | (क).....क्षतिपूर्ति तिर्न नपर्ने,<br>(ख).... | **र** मात्र झिकिएको तथा संघीय कानून बमोजिम बनाईएको । |
| नियम १५५.क थप | | बुटवल उपमहानगरपालिकाको सार्वजनिक खरिद व्यवस्थापन सम्बन्धमा यस नियमावलीमा उल्लेख भएकोमा यसै नियमावली बमोजिम र उल्लेख नभएको हकमा प्रचलित संघीय सार्वजनिक खरिद नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ । साथै सङ्घीय सार्वजनिक खरिद नियमावली बमोजिम कार्यान्वयन भए गरेका कामकारवाहीहरु यसै नियमावली बमोजिम भए गरेको मानिने छ । | संघीय कानून बमोजिम बनाईएको । |

**प्रस्ताव नं. ३.५**

समितिलाई पूर्णता दिने सम्बन्धमा ।

निर्णय न. ३.५

बुटवल उपमहानगरपालिकाको नगर स्वास्थ्य समितिमा देहाय बमोजिमको क्षेत्रबाट देहाय बमोजिमका पदाधिकारीहरु रहने गरी समितिलाई पूर्णता दिने निर्णय गरियो ।

- अध्यक्ष - नगर प्रमुख श्री खेलराज पाण्डेय ।

- सदस्य - सामाजिक विकास समितिका संयोजक श्री प्रदिप कुमार श्रेष्ठ ।

- सदस्य - स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको तर्फबाट वडा न. ७ का वडाध्यक्ष श्री पदम गाहा ।

- सदस्य - कार्यपालिकाका सदस्यहरु मध्येबाट कार्यपालिकाले तोकेको महिला सदस्य श्री राधिका पौडेल ।

- सदस्य - कार्यपालिकाका सदस्यहरु मध्येबाट कार्यपालिकाले तोकेको सदस्य श्री बसन्ती बि.क ।

- सदस्य - स्वास्थ्य क्षेत्रमा कार्य गरिरहेका विज्ञहरु मध्येबाट प्रत्येक दुई वर्षमा परिवर्तन हुने गरी सिद्वार्थ बाल तथा महिला अस्पताल बुटवल ७ का मेडिकल सुपरिटेन्डेन्ट ।

- सदस्य - महिला स्वास्थ्य स्वयंमसेविका संन्जाल मध्येबाट कार्यपालिकाले तोकेको श्री माया गौतम बुटवल ८ ।

- सदस्य सचिव - बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयको स्वास्थ्य शाखा प्रमुख

**प्रस्ताव नं. ३.६**

आधुनिक पशुबधशालाको आय सम्बन्धी ठेक्का स्वीकृत सम्बन्धमा ।

निर्णय नं. ३.६

बुटवल उपमहानगरपालिका वडा न. १० स्थित रामनगरमा निर्माण सम्पन्न भएको आधुनिक पशुबधशालाको खुल्ला प्रतिस्पर्धाका आधारमा संचालन तथा व्यवस्थापन गर्ने गरी मिति २०८०।०४।२४ मा तेस्रो पटक प्रकाशित आय ठेक्का नं. १२।०७९।०८० को विधुतीय माध्यमबाट गरिएको बोलपत्र आव्हानको सूचना बमोजिम तोकिएको मिति र समय भित्र रितपूर्वक १ थान मात्र विधुतीय बोलपत्र दाखिला हुन आएको छ । जुन देहाय बमोजिम रहेको छ ।

| सि.न | फर्मको नाम ठेगाना | कवोल अङ्क | भ्याट सहित/बाहेक | मासिक/वार्षिक |
|---|---|---|---|---|
| १ | श्री मुक्तिनाथ लाइभस्टक बैंक लि, बसुन्धारा,३ काठमाण्डौ । | ५१,६७०००।- (एकाउन्न लाख सतसठ्ठी मात्र) | भ्याट बाहेक | वार्षिक |

उल्लेखित बोलपत्रका सम्बन्धमा मिति २०८०।५।१० मा सात दिनको आशयपत्र प्रकाशित गर्दा समेत कोही कसैको दावी विरोध पर्न नआएको हुदा उल्लेखित श्री मुक्तिनाथ लाइभस्टक बैंक लि, बसुन्धारा,३ काठमाण्डौको उल्लेखित कबोल अकंको आय सम्बन्धी ठेक्काको दाखिला हुन आएको एकमात्र बोलपत्र स्वीकृत गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ३.७**

राजश्व अनुसन्धान कार्यालयसंगको सम्झौता नवीकरण सम्बन्धमा ।

निर्णय नं. ३.७

बुटवल उपमहानगरपालिका वडा न. ९ स्थित लुम्बिनी बस टर्मिनल परिसरमा बुटवल उपमहानगरपालिकाको स्वामित्वमा रहेको टर्मिनल भवन र उक्त भवनको दक्षिण तर्फको २ कठ्ठा खाली जग्गा राजश्व अनुसन्धान कार्यालय, बुटवललाई साविककै सम्झौतामा उल्लेख गरिएका शर्त तथा प्रावधानहरुको अधीनमा रही मासिक रु. १,४०;०००।- (एक लाख चालीस हजार मात्र) बहाल कायम गर्ने गरी आ.व. २०८०।०८१ (मिति २०८० श्रावण १ गते देखिनै लागू हुने गरी मिति २०८१ आषाढ मसान्तसम्म) का लागि मिति २०८०।५।१५ मा बसेको राजश्व परामर्श समितिको बैठकबाट भएको निर्णय समेतका आधारमा सम्झौता नवीकरण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३.८**

वहाल सम्झौता अवधि थप गर्ने सम्बन्धमा ।

निर्णय न. ३.८

बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयको स्वामित्वमा रहेको वडा न. ६ स्थित पुरानो बसपार्कमा रहेको सपिङ्ग कम्प्लेक्सका १४ वटा मासु पसल सटर व्यवसायीहरुले प्रचलित कानूनको परिधि भित्र रही स्वस्थ्य मासु विक्री वितरण, स्वच्छ वातावरण, फोहोर व्यवस्थापन स्वयं गर्ने गरी वैकल्पिक स्थानको व्यवस्थापन नहुदा सम्म साविककै सम्झौताको बहाल दर लगायतका शर्तहरुको अधीनमा रहने गरी मिति २०८०

पौष मसान्त सम्मका लागि बुटवल उपमहानगरपालिका वडा न. ६ पुरानो बसपार्क स्थित मासु पसले भवनको सटर नं. ५०१ देखि ५१४ सम्मका जम्मा १४ वटा सटर/कोठाहरुको बहाल सम्झौता अवधि थप गर्ने गरी मिति २०८०।५।१५ मा बसेको राजश्व परामर्श समितिको बैठकबाट भई आएको सिफारिस समेतका आधारमा अवधि थप गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३.९**

सांस्कृतिक महोत्सव संचालनका लागि अनुमति दिने सम्बन्धमा ।

निर्णय नं. ३.९

बुटवल उपमहानगरपालिका वडा न. १७ स्थित रानीगन्जको खेलमैदानको प्राङ्गणमा स्थानीय बजारलाई चलायमान बनाउने उद्देश्यका साथ स्थानीय शिवटाउन युथक्लवको आयोजनामा प्रथम रानीगन्ज सास्कृतिक महोत्सव मिति २०८०।०६।१२ गते देखि २०८०।०६।२८ गते सम्म प्रचलित कानूनको परिधि भित्र रहने र नियमानुसारको मनोरञ्जन कर भुक्तान गर्ने गरी मेला महोत्सव संचालन गर्न अनुमति माग भई आएको हुदा उल्लेखित अवधिमा उल्लेखित स्थानमा मेला आयोजनाका लागि स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३.१०. विविध ।**

**प्रस्ताव नं. ३.१०.१**

जग्गाको छुट लगत संकलन सम्बन्धमा ।

निर्णय नं. ३.१०.१

बुटवल उपमहानगरपालिका क्षेत्र अर्न्तगत भूमिहिन दलित, भुमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरु रहेको क्षेत्रमा राष्ट्रिय भूमि आयोगबाट बिगतमा पनि लगत संकलनका लागि प्रकाशित सूचना बमोजिम प्रति फारमको रु. ३०।- उपलब्ध गराउने गरी वडास्तरबाट जनशक्ति व्यवस्थापन गरी वडाको निर्णय र सिफारिसको आधारमा लगत संकलनको भुक्तानी समेत दिइएकोमा हाल राष्ट्रिय भूमि आयोगबाट छुट लगत संकलनको लागि मिति २०७९।०९।२२ मा पुन : ३५ दिने सूचना प्रकाशित गरेकोले लगत संकलन गर्न छुट भएका वडाहरुमा पहिला लगत संकलन गरेका जनशक्ति मध्येबाट लगत फारम भरी वडाको निर्णय सिफारिसका आधारमा वडाहरुबाट व्यवस्थापन मिलाइएका लगत संकलकहरुलाई प्रति फारम भरेको रु.३०।- (तीस मात्र) उपलब्ध गराउने गरी आवश्यक प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ३.१०.२**

लगत प्रविष्टि संम्बन्धमा ।

निर्णय नं. ३.१०.२

राष्ट्रिय भुमि आयोग र बुटवल उपमहानगरपालिका बीच मिति २०७८।१०।२५ मा समझदारीपत्रमा हस्ताक्षर भै बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका भुमिहिन दलित, भुमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको लगत राष्ट्रिय भुमि आयोगद्धारा उपलब्ध गराइएको कम्प्युटर सफटवेयरमा प्रविष्टि गर्नका लागि मिति २०७८।०१।१० मा बसेको नगरकार्यपालिकाको बैठकबाट प्रति फारामको कम्प्युटर सफटवेयरमा प्रविष्टि गरे बापत रु. ५०।- (पचास मात्र) उपलब्ध गराउने गरी निर्णय भएकोमा आयोगद्धारा छुट भएका भुमिहिन दलित, भुमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुका लागि मिति २०७८।११।२६ मा पुनः ३५ दिने सूचना प्रकाशित भै वडास्तरमा संकलन भएका लगतहरुलाई गत वर्ष प्रबिष्टि गरेका प्रबिष्टिकर्ता मध्येबाट प्रबिष्टि गर्ने व्यवस्था मिलाइएकोले प्रबिष्टिकर्ताहरुलाई गत वर्षको निर्णय बमोजिम नै प्रति फाराम रु ५०।- (पचास मात्र) का दरले हुने रकम उपलब्ध गराउने गरी आवश्यक कार्यान्वयन प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ३.१०.३**

वारुणयन्त्र माग सम्बन्धमा ।

निर्णय नं. ३.१०.३

बुटवल उपमहानगरपालिकासंग हाल मौज्दातमा रहेका वारुणयन्त्रहरु पुरानो भएका छन । बुटवलमा रहेका वारुणयन्त्रहरु यस क्षेत्रमा मात्र नभइ रुपन्देही जिल्ला भित्र रहेका अन्य पालिकाहरुमा पनि धेरै मात्रामा माग हूने गर्दछ । तसर्थ बुटवल उपमहानगरपालिकालाई थप वारुणयन्त्र अत्यावश्यक भएको हुदा तीन थान वारुणयन्त्र अनुदानमा उपलब्ध गराइदिनका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत भारतीय राजदूतावासमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ३.१०.४**

लालपूर्जा प्राप्तिको प्रकिया अगाडि बढाउन सिफारिस गर्ने सम्बन्धमा ।

निर्णय नं. ३.१०.४

बुटवल उपमहानगरपालिका वडा न. १२ मा अवस्थित देहाय बमोजिमका अव्यवस्थित बसोबासीहरुको जग्गा साविकको सुकुम्बासी आयोगबाट नाप नक्शा तयार भैसकेको तर केही जग्गाको मात्र लालपूर्जा लिन बाँकी रहेको जग्गा राष्ट्रिय भुमि आयोगमा पूर्जा प्राप्तिका लागि वडामा निवेदन पेश गरी वडाबाट समेत सिफारिस भई आएको हुदा

देहायका अव्यवस्थित बसोबासीहरुको लालपूर्जा प्राप्तिको प्रकिया अगाडि बढाउनका लागि राष्ट्रिय भुमि आयोग, जिल्ला समिति रुपन्देहीमा सिफारिस गर्ने निर्णय गरियो ।

| सि.न | नाम | वडा न. | सिट न. | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | गोमा शर्मा गौतम | १२ | सेमलार २ य | कि.न. ८५ मध्ये | ०-०-१० | अव्यवस्थित बसोबासी |
| २ | होमनाथ उपाध्याय | १२ | सेमलार २ य | कि.न. ८५ मध्ये | ०-०-१० | अव्यवस्थित बसोबासी, सु.स.स.आ.बाट लक्ष्मी उपाध्यायको नाममा मिति २०६७।११।१६ मा सूचना प्रकाशित । |

**प्रस्ताव नं. ३.१०.५**

खाना एंव खाजा खर्च सम्बन्धमा ।

निर्णय न. ३.१०.५

यस बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका अव्यवस्थित बसोबासीहरु रहेका क्षेत्रको नाप नक्शांकन कार्य बिहान, साँझ र बिदाका दिनमा समेत भु-उपयोग तथा भुमि व्यवस्थापन शाखामा कार्यरत कर्मचारीहरु सर्भेक्षक, अमिन, चालक र कार्यालय सहयोगीहरुलाई परिचालन गरी कार्य प्रकिया अगाडि बढेको हुदा उक्त कार्यमा खटिने कर्मचारीहरुलाई मिति २०८० श्रावण १ गते देखि लागु हुने गरी खाना खर्च वापत रु २००।- (दुई सय मात्र) र खाजा खर्च वापत रु.१००।- (एक सय मात्र) गरी प्रति दिन प्रति व्यक्ति रु. ३००।-(तीन सय मात्र) का दरले जग्गा नापजाच शीर्षकबाट खर्च हुने गरी भुक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताव नं.३.१०.६**

वडा कार्यालय स्थानान्तरण सम्बन्धमा ।

निर्णय न. ३.१०.६

बुटवल उपमहानगरपालिका अन्तरगत रहेको वडा कार्यालय बडा न.१ को प.स. ०८०।८१ च.न. १०६ मिति २०८०।५।८ को पत्रसाथ प्राप्त वडास्तरीय सर्वपक्षिय भेलाको निर्णय आजको बैठकमा प्रस्तुत भई जानकारी भयो । हाल वडा न.१ को वडा कार्यालय सोही वडा स्थित जलविनायक मन्दिर तथा ज्येष्ठ नागरिक भवनको माथिल्लो तलामा रहदा

वडाबासीहरुलाई पायक नपरेको भनी गुनासो समेत आएको हुदा अर्को व्यवस्था भएपछि सोही बमोजिम हुने र अन्यत्र सर्ने गरी वडा न.१ को वडा कार्यालय हाललाई बटौली युद्ध संग्रहालयको ग्राउन्ड फ्लोरमा स्थानान्तरण गरी सेवा प्रवाह गर्नका लागि आवश्यक कार्यान्वयन प्रकिया अगाडि बढाउने निर्णय गरियो । साथै वडा कार्यालय वडा न.११ को भवनको निर्माण कार्य सम्पन्न भइसकेको हुदा उक्त वडा कार्यालय समेत नयाँ वडा भवनमा स्थानान्तरण गरी सेवा प्रवाह गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३.१०.७**

कम्पाउन्ड वाल निर्माण सम्बन्धमा ।

निर्णय न. ३.१०.७

बुटवल उपमहानगरपालिका वडा कार्यालय वडा न. १३ को प.स. ०८०।८१ च.न. ३४१ मिति २०८०।४।२८ को पत्र आजको बैठकमा प्रस्तुत भई छलफल गरियो । उक्त वडा कार्यालय बेलवासबाट तिलोत्तमा टोलमा सरेको र हाल वडा कार्यालय रहेको स्थानमा कम्पाउन्ड वाल निर्माणको कार्य अधुरो रहदा वडा कार्यालय समेत सुरक्षित नहुने भएकोले उक्त कम्पाउन्ड वाल निर्माणको कार्य सम्पन्न गर्नका लागि प्राविधिकबाट लागत अनुमान भई आए बमोजिम सम्पत्ति संरक्षण एंव व्यवस्थापन शीर्षकबाट खर्च जनिने गरी रु.१४५००००।- (चौध लाख पचास हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ३.१०.८**

विशेष अनुदान अन्तरगतको योजना छनौट सम्बन्धमा ।

निर्णय न. ३.१०.८

बुटवल उपमहानगरपालिका वडा न. १ स्थित सरस्वती आधारभूत विद्यालयमा विद्यार्थीको अनुपातमा भवन कम भएको र विद्यार्थीको चाप समेत बढेको । विद्यार्थी एंव अभिभावकहरुको आर्कषण बढ्दो रहेको हुदा भवन निर्माण सहित अन्य पूर्वाधार निर्माण प्रयोजनका लागि सङ्घीय सरकारको विशेष अनुदानबाट कार्यान्वयन हुने आयोजनामा समावेश गरी स्वीकृतिका लागि देहायको विद्यालयलाई छनौट गरी पठाउने निर्णय गरियो ।

!- श्री सरस्वती आधारभूत विद्यालय, बुटवल - १ रु १ करोड

**प्रस्ताव नं. ३.१०.९**

योजना प्रस्ताव गरी पठाउने सम्बन्धमा ।

निर्णय न. ३.१०.९

बुटवल उपमहानगरपालिका वडा न. १२ स्थित नयागाउ माध्यमिक विद्यालयमा विद्यार्थीको अनुपातमा भवन कम भएको र विद्यार्थीको चाप समेत बढेको । विद्यार्थी एंव अभिभावकहरुको आर्कषण बढ्दो रहेको र विद्यालयमा विद्यार्थीको अनुपातमा कक्षा कोठाको अभाव हुदा विद्यार्थी भर्ना हुनबाट समेत वन्चित हुनुपरेको हुदा साना विकास परियोजना अर्न्तगतबाट कार्यान्वयन हुने भवन निर्माण सहित अन्य पूर्वाधार निर्माण प्रयोजनका लागि सङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत भारतीय राजदूतावासमा लागत सहभागिताको सुनिश्चितता बुटवल उपमहानगरपालिकाबाट देहायको विद्यालयको भौतिक निर्माण सम्बन्धी आयोजना समावेश एंव स्वीकृतिका लागि छनौट गरी पठाउने निर्णय गरियो ।

- श्री नयागाउ माध्यमिक विद्यालय, बुटवल - १२ रु ५ करोड

**प्रस्ताव नं. ३.१०.१०**

भारतीय राजदूतावासमा विद्यालयका लागि बस माग गर्ने सम्बन्धमा ।

निर्णय न. ३.१०.१०

बुटवल उपमहानगरपालिका वडा न. ४ स्थित लक्ष्मी नगरमा रहेको श्री लक्ष्मी माध्यमिक विद्यालयको प.स. ०८०।८१ च.न. २३।०८० मिति २०८०।५।१८ को नेपाल स्थित भारतीय राजदूतावासमा बस सहयोगका लागि सिफारिस गरिदिन भनि अनुरोध भई आएको पत्र आजको बैठकमा प्रस्तुत भई छलफल गरियो । उक्त विद्यालय समुदायद्वारा व्यवस्थापन भएको । विद्यालयले त्यस क्षेत्रका गरिब तथा अति विपन्न परिवारका वालवालिकाहरुलाई माध्यमिक तह सम्मको शिक्षा प्रदान गर्ने लक्ष्यका साथ हाल कक्षा १० सम्म पठन पाठन भैरहेको र विद्यार्थी संख्यामा समेत बृद्धि हुदै गएका कारण विद्यार्थीहरुका लागि बस सेवा आवश्यक भएको हुदा सङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल स्थित भारतीय राजदूतावासमा बस सहयोगका लागि अनुरोध गरी पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ३.१०.११**

एम्बुलेन्स माग सम्बन्धमा ।

निर्णय न. ३.१०.११

यस बुटवल उपमहानगरपालिकाले वडा न. १३ र १७ मा १५/१५ शैयाका नगर स्वास्थ्य केन्द्रहरु निर्माण गरी सञ्चालनको क्रममा रहेको हुदा उक्त केन्द्रहरु लगायतका अस्पतालहरुमा आवत जावत प्रयोजनका लागि एम्बुलेन्स आवश्यक भएको हुदा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल स्थित भारतीय राजदूतावासमा बुटवल उपमहानगरपालिकालाई २ थान एम्बुलेन्स सहयोग स्वरुप उपलब्ध गराउनका लागि अनुरोध गरी पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ३.१०.१२**

रकम बिनियोजन तथा कार्यक्रम सहयोग सम्बन्धमा ।

निर्णय न. ३.१०.१२

बुटवल उपमहानगरपालिका वडा नं. १३ मा निर्माणाधिन १५ शैयाको शहरी स्वास्थ्य केन्द्र भवन परिसरमा मेडिकलजन्य फोहोर व्यवस्थापन कक्ष निर्माणका लागि र देहायका संघसंस्थाहरुलाई देहाय बमोजिम हुने गरी सम्बन्धित शीर्षकबाट रकम विनियोजन गरी भुक्तानी गर्ने निर्णय गरियो ।

१- रेडियो मुक्ति एफ एम -कार्यक्रम सहयोग रु. ३० हजार ।

२- बिकासका लागि सूचना तथा संचार अभियान, लुम्बिनी टेलिभिजन - कार्यक्रम सहयोग रु. २५ हजार ।

३- मिलिजुली संस्थाका महिलाहरुद्धारा संचालन गरिएको जनचेतनामूलक तिज मिलन कार्यक्रममा खाजा खर्च बापत सहभागिताका लागि तिज शीर्षक अर्न्तगतको शीर्षकबाट रु. १ लाख होटेल बिल बमोजिम कार्यक्रममा सहयोग गर्ने ।

४- बुटवल वडा नं.१३ मा निर्माणधिन १५ शैयाको स्वास्थ्य केन्द्र भवन परिसरमा मेडिकलजन्य फोहोर ब्यवस्थापनका लागि उपकरण जडान कक्ष निर्माण गर्न (मर्मत संभार शीर्षकबाट रु १२ लाख (बाह्र लाख मात्र) रकम बिनियोजन गर्ने ।

**प्रस्ताव नं. ३.१०.१३**

शुभकामना सम्बन्धमा ।

निर्णय न. ३.१०.१३

नेपाल कम्यूनिष्ट पार्टी एमालेको लुम्बिनी प्रदेशस्तरीय अधिवेशन मिति २०८०।५।१६ गते देखि यस बुटवल उपमहानगर भित्र भईरहेको हुदा यो बैठक उक्त अधिवेशनको पूर्ण सफलताको कामना गर्दछ ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।